# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामपुर सल्यान
### कर्णाली प्रदेश नेपाल

**नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति२०८३।०६।२९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा घ को (६), दफा ६२ (क) र यस कालिमाटी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १४ मा भएको व्यबस्था बमोजिम कालिमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८३/०८४ को लागि दरभाउपत्र/बोलपत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ ।सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र/बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | ठेक्का न. | नदी / खोलाको घाटको विवरण | आव २०८३।०८४ को नदिजन्य पदार्थ विक्रि परिमाण (घन फिटमा ) | आव.२०८३।०८४ को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शुल्कको न्यूनतम अंक(भ्याट वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | **KRM/SQ/GOODS/2083/84/06** | शारदा नदिका क्षेत्रहरु(झिर घाट १, झिर घाट २, मागे दोभान, दलपुरे कोल्तारा कबई एरिया १, दलपुरे कोल्तारा कबई एरिया २, दलपुरे कोल्तारा कबई एरिया ३, दारे ढुङगा, खैरेनि,पिप्ले १,पिप्ले २, पिप्ले ३ र पुर्वा खेट) | ३,९६,८५२।३१ | १९,८४,२६१।४६ | कबोल अंकको ५% | १०००।०० |
| २. | **KRM/SQ/GOODS/2083/84/07** | शारदा नदि र जुम खोलाका क्षेत्रहरु(वालुवा सिम्ले छहरा आसपास, जुम खोला दोभान,जुम खोला, दमदवाली, जुम खोला हिले लरेनि, जुम खोला छरछरे एरीया १, जुम खोला छरछरे एरीया २, जुम खोला छरछरे एरीया ३ र जुम खोला छरछरे एरीया ४) | ३,५२,२६७।१२ | १७,६१,३३६।०० | कबोल अंकको ५% | १०००।०० |

**ठेक्का सम्बन्धि शर्तहरुः**

1. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्दि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापतको रकम नविल बैंक लिमिटेड शाखा कार्यालय कालिमाटी रामपुर सल्यानमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३४०१०१७५०००२७ (कार्यालय कोड ८०१०६६०५, राजश्व शीर्षक १४२२९) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरि यो सूचना प्रकाशन भएको मितिले मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र कार्यलयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लेखित कार्य हुनेछ ।
2. बोलपत्र सम्वन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंङ्कमा स्पस्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अङ्कको ५%को दरले हुन आउने धरौटी रकम यस कार्यालयको नविल बैंक लिमिटेड शाखा कार्यालय कालिमाटी रामपुर सल्यानमा रहेको धरौटी खाता नं. २३४०१०१७५०००१६ मा नगद जम्मा गरि सोको सक्कल

बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नंम्वर र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारि गरिएको विड बोण्ड सिलवन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्र दाताको प्रत्येक पानामा सहिछाँप गरि खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपोराईटरको नाम, ठेगाना, फोन नं.,मोवाईल नं. समेत स्पस्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

3. एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन । रितपुर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजेदेखी विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यबसायी वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
4. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
5. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अङ्कको प्रथम किस्ता वापत ५०% हुने रकम अनिवार्य बुझाउनु पर्नेछ ।दोश्रो किस्ता वापत ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल असार मसान्तसम्म म्याद सहित जारी भएको बैंक ग्यारेन्टी (पर्फर्मेन्स बन्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले कवोल गरेको अङ्क, सेवाशुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
6. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि बोलपत्र नियमानुसार बन्दोवस्त गरिनेछ । यस गाउँपालिका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्वन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।
7. बोलपत्रदाताले कार्यालयले तोकेको शर्तहरुको अधिनमा रहि कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित नगदि रसिदको मात्र प्रयोग गर्न पाउनेछ । साथै नदिजन्य पदार्थ उत्खनन् संङ्कलन र विक्री वितरणको मास्केवारी गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ । साथै गाउँपालिका र अन्य अनुगमन गर्ने निकाय वा अधिकारीले नियमानुसार जुनसुकै वखत अनुगमन गर्न सक्नेछन ।
8. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ । बोलपत्र दिँदा कुनै किसिमको शर्तनामा मान्य हुनेछैन साथै रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।
9. थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ अथवा यस कार्यालयको Website- kalimatimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत